# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### साइबर अपराध बारे सचेत रहन जरूरी – गभर्नर डा. नेपाल
(सन्दर्भः Cyber Risks & Security Seminar)

गभर्नर डा. चिरंजीबि नेपालले नेपाल राष्ट्र बैंक साइबर अपराध बारे सचेत रहेको र सबै बैंक तथा वित्तीय संस्थाहरुमा पनि यस सम्बन्धमा सचेतना जरुरी रहेको बताउनु भएको छ । साउन २८ गते नेपाल बैंकर्स एसोसिएसनद्वारा काठमाडौंमा आयोजना गरिएको Cyber Risks & Security विषयक अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिका रुपमा मन्तव्य दिनु हुँदै उहाँले उक्त कुरा बताउनु भएको हो ।




गभर्नर डा. नेपालले सूचना प्रविधिमार्फत कम लागतमा बढी काम गर्न सकिने भए पनि यो क्षेत्र जोखिममुक्त नरहेको र यसमा आपराधिक गतिविधिहरु बढिरहेको हुँदा नेपाल पनि त्यसबाट प्रभावित हुन सक्ने भएकोले सो सामना गर्नका लागि सबैले मिलेर लाग्नुपर्ने धारणा सो अवसरमा राख्नुभयो । एटिएम, स्विफ्ट आदिमा देखिएका ठगी कार्यहरुको उल्लेख गर्नु हुँदै उहाँले त्यस्ता व्यक्तिहरुको मुद्रा निर्मलीकरण र आतंककारी क्रियाकलापमा संलग्नता रहेको हुनसक्ने संकेत गर्नुभयो । नेपाल राष्ट्र बैंकले साइबर अपराधलाई निराकरण गर्नको लागि सूचना प्रविधि सम्बन्धमा आवश्यक मार्गनिर्देशन तयार गरेको र यसले सूचनाको सुरक्षामा जोड दिएको पनि उहाँले उल्लेख गर्नुभयो ।

सो अन्तरक्रिया कार्यक्रममा नेपाल सरकारको सुरक्षा निकायका प्रमुखहरु, नियामक निकायका प्रतिनिधिहरु लगायत नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था तथा अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो । KPMG को सहकार्यमा गरिएको सो कार्यक्रममा Cyber Security: Key Business Risk / Cyber Risk Exposure: Change in Traditional Approach विषयमा वार्ता प्रस्तुत गरिएको थियो ।

**२०७३ साउन २८, शुक्रबार**

**गभर्नरको कार्यालय**